जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पदेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १५६ • २०८१ चैत्र १५ गते शुक्रवार • 28 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

धनुषामा चैते धानको उत्पादन क्षेत्र बर्सेनि बढ्दै

जलेश्वरटुडे समाचारदाता
धनुषा, १४ चैत्र

धनुषामा चैते धानको उत्पादन क्षेत्र बर्सेनि बढ्दै गएको छ । चैते धान उत्पादनप्रति किसानको रुचि बढेपछि जिल्लामा चैते धानको उत्पादन क्षेत्रफल बढ्दै गएको हो। वर्षे धानभन्दा धेरै फल्ने, तुलनात्मकरूपमा रोग तथा किरा कम लाग्ने र सिँचाइको उपयुक्त व्यवस्था भएकाले यस बालीतर्फ किसानको रुचि बढेसँगै क्षेत्रफलमा वृद्धि भइरहेको स्थानीय किसानको भनाइ छ।

धनुषाको धनुषाधाम नगरपालिका-६, हरिपुरका किसान मुनजी यादवले यतिबेला यहाँका किसान चैते धान रोप्न व्यस्त रहेको बताउनुभयो । गहुँबाली भित्र्याएर खाली भएको खेत तयार पारेर यहाँका किसान चैते धान रोपाइँ गरिरहेको बताउँदै उहाँले तीन चार वर्षअघिको तुलनामा यो बाली लगाउने किसानको सङ्ख्या निकै बढेको जानकारी दिनुभयो । यहाँ कति बिघामा यो धान रोपिएको बारे उहाँले भन्नुभयो, "तीन/चार वर्ष अघिसम्म यहाँका थोरै किसानले मात्र यो बाली लगाउने गरेका थिए। अहिले चैते धान रोप्ने किसानको सङ्ख्यासँगै क्षेत्रफल पनि बढेको छ। यहाँ कति बिघा खेतमा यो धान रोपिएको बारे भन्न सकिँदैन तर यहाँका अधिकांश खेतमा चैते धान लगाइएको हुन्छ।" उहाँका अनुसार सिँचाइ गर्न किसान आफ्नै लगानीमा स्यालो ट्युबवेल गाडेका छन्। मलखाद सहज उपलब्ध, सहुलियत दरमा धानको बिउ र सिँचाइ गर्न सरकारको सहयोग प्राप्त भयो भने चैते धान उत्पादनको क्षेत्रफल अझै बढ्छ । धनुषाधाम नगरपालिका-६, का वडाध्यक्ष ऋषि लामाले अघिल्ला वर्षको तुलनामा यसपाली बढी क्षेत्रफलमा चैते धान रोपिएको बताउनुभयो। यस्तै, चैते धान उत्पादनका लागि उर्वरभूमि मानिएको जिल्लाको उत्तरी क्षेत्र मिथिला नगरपालिका-११ तुलसीमा समेत यसपाली दोब्बर क्षेत्रफलमा चैते धान समयमै रोपिएको छ । रातु नदीबाट कुलोमार्फत यहाँका किसानले चैते धान समयमै रोपी सिध्याएको स्थानीय किसान प्रेमबहादुर कार्कीले बताउनुभयो । सिँचाइको प्रयाप्त सुविधा नभएपनि बाह्रौं महिना पानी बगिरहने रातु नदीबाट कुलोमार्फत चुरे, बाहुनमारा, बिस्मवरमा चैते धान रोपिएको उहाँले जानकारी दिनुभयो।

मिथिला नगरपालिकाका कृषि शाखा प्रमुख सञ्जयकुमार महताले चैते धान खेतीमा वृद्धि ल्याउन नगरपालिकाले ५० प्रतिशत अनुदानमा उन्नतजातको बिउ उपलब्ध गराएको बताउनुभयो। कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख रामचन्द्र यादवले पछिल्लो केही वर्षयता जिल्लामा चैते धान खेती विस्तार भइरहेको बताउनुभयो। जिल्ला विशेष गरी मिथिला, धनुषाधाम, छिरेश्वरनाथ, सबैलालगायत पालिका चैते धान खेतीका लागि उपयुक्त स्थान रहेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "कतिपय स्थानमा चैते धान रोपाइँ भइरहेको र रोप्ने समय अझै बाँकी रहेकोले जिल्लामा कति हेक्टरमा यो धान रोपियो भनेर आधारिकतरूपमा ठ्याक्कै भन्न सकिँदै तर पाँच हजारभन्दा बढी हेक्टर खेतमा चैते धान उत्पादन हुने अनुमान गरिएको छ।" उहाँका अनुसार वर्षे धानभन्दा धेरै फल्ने भएकाले किसानको रूची यस बालीतर्फ बढ्दै गएको छ। वर्षे धानको तुलनामा रोग र किरा कम लाग्ने भएकाले पनि किसानले यो बालीलाई प्राथमिकता दिन थालेको छ । जिल्लाका सबै ठाउँमा सिँचाइको व्यवस्था गर्न सकियो भने चैते धान खेती धेरै बढ्ने केन्द्रका प्रमुख यादवले बताउनुभयो।

विकासका आयोजना र सुशासनको सम्बन्धमा ध्यानाकर्षण

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १४ चैत्र

जिल्ला समन्वय समिति महोत्तरीले उपभोक्ता समितिको नाममा विचौलिया हावी भएको भन्दै विकासका आयोजना र सुशासनको सम्बन्धमा ध्यानाकर्षण भएको जनाएको छ । बुधबार जिल्ला समन्वय समितिका प्रमुख सुमनलाल कर्णले एक प्रेस विज्ञप्ति जारी गर्दै आयोजनाहरूको गुणस्तरमा सर्वत्र गुनासो बढिरहेको र उपभोक्ता समितिबाट विकृत अभ्यासहरू भइरहेकोप्रति ध्यानाकर्षण जनाएका हुन् ।

जिल्लामा सञ्चालित विकास कार्यक्रमहरूबाट लक्षित प्रतिफल प्राप्त हुनेगरी प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्नुपर्ने भए तापनि विकासको लाभ जनस्तरसम्म पुग्न नसकेको विज्ञप्तिमा उल्लेख गरिएको छ । प्रमुख कर्णले पछिल्लो समय विकासका नाममा बढिरहेको असन्तुष्टि र उपभोक्ता समितिबाट भएको विकृतिलाई रोक्न जनाप्रतिनिधि, नागरिक समाज, आमउपभोक्ताहरू कै साझा जिम्मेवारीमा सचेत गराएका छन् । सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ र सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा सार्वजनिक निकायले उपभोक्ता समितिमार्फत खरिद गर्ने कार्यविधिमा उल्लेख छ। तर स्थानीय तहबाट उपभोक्ता समितिमार्फत सञ्चालित आयोजनाहरूको प्रभावकारी अनुगमन गरी गुणस्तर सुनिश्चित गर्न नसकेको देखिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

तीनै तहको सरकारको उपभोक्ता समितिबाट सञ्चालित हुने आयोजनाहरूको समन्वय समितिलाई जानकारी गराई अनुगमन कार्यमा सहयोग गर्न पनि विज्ञप्तिमा अनुरोध गरिएको छ । उपभोक्ता समिति नक्कली गठन गर्ने र विचौलियाहरू संलग्न हुने जानकारी प्राप्त भएको हुनाले यस्ता कार्य नगर्न विज्ञप्ति मार्फत सचेत गराइएको छ ।

उपभोक्ता समिति गठनदेखि भेलासम्मको सम्पूर्ण फोटोसहितको सबै विवरण जिल्ला समन्वय समितिको कार्यालयमा पठाउन पनि विज्ञप्तिमार्फत अनुरोध गरिएको छ । कानुनले तोकेको जिम्मेवारी र जवाफदेहिता पालन नगरी राज्यको सम्पत्तिको हानि-नोक्सानीको विषयमा सूचना प्राप्त भएमा वा अनुगमन गर्दा कैफियत देखिएमा सम्बन्धित निकाय र उपभोक्ता समिति नै जवाफदेही हुने व्यवस्था भएको हुनाले सबैलाई गम्भीर बन्न ध्यानाकर्षण गराइएको छ ।

आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकायको पत्र प्राप्त भएमा समिति गठनको ७ दिनको सूचना प्रकाशन गर्ने, आयोजनास्थलमा सेवा उपभोग गर्ने वास्तविक उपभोक्ताहरूको भेला राख्ने, आयोजनाको विस्तृत विवरण एकिन गरी विधिवत समिति पदाधिकारी गठन गर्ने, छलफलको फोटोको अभिलेख राखी सम्बन्धित निकायलाई पठाउनुपर्ने ठाउँमा विचौलिया नै संलग्न रहेको देखिन आएको हुनाले अनुगमनलाई तीव्रता दिने समन्वय समितिले तयारीसमेत गरेको छ ।

सार्वजनकि सडक बाटो खाली तथा गाउँघर सरसफाई गर्ने कार्यक्रम शुरु

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १४ चैत्र

महोत्तरी जल्लिाको एकडारा गाउँपालकिा वडा नम्बर-३ को कार्यालयले आफ्नो सीमा क्षेत्रभत्रि पर्ने सार्वजनकि सडक बाटो खाली तथा गाउँघर सरसफाई गर्ने कार्यक्रम शुरु गरेको छ।

वडा अध्यक्ष रामवलिास रायको वशिष आव्हानमा प्रमुख अतर्थि सहायक प्रमुख जल्लि अधकिारी उपेन्द्र न्यौपाने, अतर्थिहिरु गाउँपालकिाका उपाध्यक्ष महजबी खातुन, प्रहरी नायब उपरीक्षक सन्तुलाल प्रसाद जैसवार, समाजसेवी प्रवीण कर्ण सहति वडाका वभिन्नि सरोकारवाला तथा भर भलाद्मीहरुको सक्रयि सहभागतिामा वडा नम्बर ३ को सडक पेटी खाली गराउनुका साथै गाउँघर सरसफाईको कार्यक्रम शुरु गरएिको हो। सो कार्यक्रम अन्तर्गत वडा नम्बर ३ को अजमरपट्टी गाउँमा पर्ने हुलाकी सडकको दुवै पेटीमा सडक अतक्रिमण गरी बनाइएको संरचना हटाइउनुका साथै सडक पेटीमा राखएिको काठ, दाऊरा, घाँस, पराल लगायतका सबै सर सामानहरु हटाएर सडक बाटो खाली गराइएको छ। साथै सडकपेटी सर सफाई गरेर सफासुघर बनाइएको छ। त्यसैगरी सरोकारवाला सबै जना मलिर वडा नम्बर ३ मा पर्ने अजमरपट्टी, भटौलयिा र पर्सा गाउँभत्रिको सडक बाटो पर्ना खाली गराउनुका साथै सरसफाई गररिहेका छन्।

तीन वटै गाउँमा समेत सडक मचिर बनाइएको संरचना हटाउने, व्यक्तगित सर सामानहरु हटाउने र सार्वजनकि सडक बाटो पूर्ण रुपमा खाली गराउने काम भइरहेको छ। यस कार्यमा वडा कार्यालयलाई नेपाल प्रहरी तथा स्थानीय सबै सरोकारवालाहरुले सक्रयि सहभागतिाका साथ सहयोग पुऱ्याइरहेका छन् । वडा अध्यक्ष रामवलिास रायको अध्यक्षतामा शुरु भएको सडकबाटो खाली र गाउँघर सरसफाई गर्ने कार्यक्रम तीन दनिसम्म सञ्चालनमा रहनेछन्।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको लुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि

खोजी उन्नत संस्कार

नागरिकले छानेका पात्र र पद्धतिबाट गरिने शासन लोकतन्त्र हो । यसलाई अङ्ग्रेजीमा डेमोक्रेसी भनिन्छ । जुन ग्रिक भाषाको डिमोस र क्रेटस मिलेर बनेको हो । जस अनुसार डिमोसको अर्थ जनता र क्रेटसको अर्थ शासन हो । जनताको शासन नै डेमोक्रेसी अर्थात् लोकतन्त्र हो । जहाँ जनता सर्वेसर्वा हुन्छन् । मुलुकको सार्वभौमसत्ता जनतामा निहित हुन्छ । जुन जनताले आफ्ना प्रतिनिधिलाई आवधिक निर्वाचनद्वारा प्रत्यायोजन गर्ने र फिर्ता लिने गर्छन् । लोकतन्त्रमा प्रत्येक नागरिकलाई समान र निष्पक्ष व्यवहार गरिन्छ । कानुनभन्दा माथि कोही पनि हुँदैन ।

आधुनिक लोकतन्त्रमा सबैसरह अवसर लिन नसक्नेलाई विशेष व्यवस्था गरेर राज्यको मूल प्रवाहमा समाहित र लोकतन्त्रको लाभानुभूति गराइन्छ । राज्यका निकायबाट प्राप्त हुने सेवा र अवसरमा सबैको समान अधिकार हुन्छ । सरकार जनताप्रति उत्तरदायी हुन्छ । लोकतन्त्रका उपर्युक्त सैद्धान्तिक मान्यता सारभूत रूपमा लागु हुन केही पूर्वसर्त हुन्छन्, जुनबिना वास्तविक लोकतन्त्रको कल्पना पनि गर्न सकिन्न ।

जसमा नागरिक शिक्षा, राजनीतिक जागृति, समानता र स्वतन्त्रता, स्वस्थ दलीय पद्धति, सहिष्णुता एवं एकताको भावना, शान्ति सुव्यवस्था, आवधिक निर्वाचन, स्वतन्त्र न्यायपालिका र न्यायिक पुनरवलोकन, उच्च नैतिक स्तर, विधिको शासन र समावेशिता तथा लोक कल्याणकारिता आदि पर्छन् । अन्त्यमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमार्फत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न र नागरिकलाई सारभूत रूपमा लोकतन्त्रको प्रतिफल दिन उन्नत राजनीतिक संस्कार र सहिष्णुता हुन अपरिहार्य छ ।

प्रादेशिक अस्पताल गौरलाई ५० बेडबाट १०० बेडमा स्तरोन्नती

जलेश्वरटुडे समाचारदाता
रौतहट, १४ चैत्र

मधेश प्रदेशमै उत्कृष्ट गौर प्रादेशिक अस्पताल १०० बेडमा स्तरोन्नती भएको छ। कार्यसम्पादन संगै उपचारका लागी आउने बिरामीको संख्याको आधारमा प्रादेशिक अस्पताल गौर लाई ५० बेडबाट १०० बेडमा स्तरोन्नती गरीएको हो।अस्पतालको लागी अस्थायी दरबन्दी स्वीकृत गर्ने प्रस्तावमा प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय अनुसार १०० बेडको अस्पताल स्तरोन्नति तथा सञ्चालनको स्वीकृती प्रदान गरिएको मन्त्रालयको पत्रमा उल्लेख गरिएको छ।

स्तरवृद्धि अस्पतालको विकास र सुधारको लागि एउटा महत्वपूर्ण कदम हो ,यसले गौर क्षेत्रका जनतालाई अझ राम्रो स्वास्थ्य सेवा प्रदान गर्ने तथा उपचारको लागि हजारौँ रुपैयाँ खर्चेर बाहिर जानुपर्ने बाध्यता हटेको मेडिकल सुप्रीटेन्डेन्ट डाक्टर मुरारी ठाकुरले विश्वास लिएका छन्। यस अघि सदरमुकाम गौर स्थित प्रादेशिक अस्पताल गत माघ महिनामा मधेश प्रदेश मै उत्कृष्ट बनेको थियो भने देशको टपटेन अस्पतालको सूचीमा पर्न सफल भएको थियो। मधेश प्रदेश स्वास्थ मन्त्रालय अन्तर्गत न्यूनतम सेवा मापदण्ड कार्वान्यन कार्यक्रम अनुसार गरिएको अनुगमन निरिक्षण पछि कार्यसम्पादन मूल्यांकनको आधारमा उक्त घोषणा गरिएको थियो। प्रादेशिक अस्पताल गौर मूल्यांकनको आधारमा कुल ८९ प्रतिसत मार्क ल्याएर मधेश प्रदेशको ६ वटा प्रादेशिक अस्पताल मध्ये १ नम्बर र देशकै ५० बेडका २० प्रादेशिक अस्पताल मध्ये उत्कृष्ट १० मा पर्न सफल भएको थियो। न्यूनतम सेवा मापदण्ड कार्वान्यन कार्यक्रम अन्तर्गत प्रदेश लगायत स्थानबाट गएको अनुगमन टोलीले अस्पतालले दिइरहेको सेवा, डाक्टर स्वास्थ्यकर्मीको अवस्था, उनीहरूले बिरामी संग गर्ने व्यवहार,भौतिक पूर्वाधारको अवस्था, एम्बुलेन्स, क्यान्टिन, बिरामीको बेड, अपरेसन कक्ष, शौचालयको अवस्था, सरसफाई, अस्पतालले बिरामीलाई दिने सुविधा लगायतको मूल्यांकन गरी उत्कृष्ट घोषित गरेको थियो।

दुई परीक्षा केन्द्रबाट एक केन्द्राध्यक्ष र चार निरिक्षकलाई स्पष्टिकरण

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १४ चैत्र

महोत्तरीको दुई परीक्षा केन्द्रबाट एक केन्द्राध्यक्ष र चार निरिक्षकलाई स्पष्टिकरण सोधिने भएको छ। चल्दै गरेको माध्यमिक शिक्षा परीक्षा(एसइई) को छैठौ दिनको अतिरिक्त विषयको परीक्षामा परीक्षा केन्द्र अमर्यादित भएको भन्दै उनीहरुलाई अनुगमन टोलीको सिफारिसमा स्पष्टिकरण सोध्न लागेको हो ।

महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने र राष्ट्रिय अनुसन्धान विभाग महोत्तरी कार्यालयका उप अनुसन्धान निर्देशक एसपी सुदिप अधिकारीसहितको परीक्षा अनुगमन टोलीले श्री प्रसाद सिंह मावि औरहीका केन्द्राध्यक्ष शिवशरण यादवलाई परीक्षा अव्यवस्थित र अर्मादित भएकोमा केन्द्राध्यक्ष भएर समेत सो नियन्त्रण किन गर्न नसकेको र अनुगमन टोलीमा पुगेका उपअनुसन्धान निर्देशक एसपी अधिकारीसँग अभद्रता प्रस्तुत गरेको भन्दै स्पष्टिकरण पेश गर्न भनेको छ ।

व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

औरही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: खानपानमा समस्या आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात

मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।

आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

आवश्यक टेलिफोन नम्बरहरु

जलेश्वर

नेपाल पत्रकार महासंघ महोत्तरी	५२०५१५
जलेश्वरअस्पताल एम्बुलेन्स	९७४४००२५२७
नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स	५२०१००,
सामुदायिक विकास परि.एम्बुलेन्स	५२१००५,
RCDSC एम्बुलेन्स	५२०२९८,
दसहारा एम्बुलेन्स	५२०६७७, ९८४४२६००००
बर्दिबास अस्पताल एम्बुलेन्स	५५००९०,
बर्दिवास सेवा समिति एम्बुलेन्स	५५०५८६,
रामगोपालपुर एम्बुलेन्स	६९०५९३
जिल्ला प्रहरी	५२०००९
विद्युत	५२०१६६
वारुण यन्त्र	५२००९७
जिल्ला प्रशासन	५२००५५

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

जनकपुर

प्रहरी धनुषा	520099, 100
सुरक्षा गुल्म जनकपुर बैरेक	0186,526586
सशस्त्र प्रहरी मुजेलिया	527213, 527800
मुजेलिया प्रहरी चौकी	520750
ट्राफिक कार्यालय जिरोमाईल	520366
एम्बुलेन्स पब्लिक वेल फेयर	9854022474
एम्बुलेन्स रेडक्रस	102
एम्बुलेन्स (सरोज फाउन्डेशन)	522806
महाबीर एम्बुलेन्स	525980
एम्बुलेन्स मेडिकल कलेज	526091
एम्बुलेन्स केयर मेडिकल सेन्टर	523864
बरुण यन्त्र जनपा	520011
जिल्ला जनस्वास्थ्य कार्यालय	526271
जनकपुर अंचल अस्पताल	520033
केयर मेडिकल सेन्टर	523864
धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	525800
जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर	525342

जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

ट्रम्पले गरे अमेरिकामा आयात हुने कार तथा पाटपूर्जामा २५ प्रतिशत कर घोषणा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ चैत्र

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकामा आयात हुने कार तथा पाटपूर्जामा २५ प्रतिशत भन्सार शुल्क घोषणा गरेका छन्। यो आयातकर घोषणाले विश्वैक व्यापार युद्ध बढ्ने खतरा बढेको बताइँदै छ। ट्रम्पले घोषणा गरेको नयाँ ट्यारिफ २ अप्रिलबाट लागू हुने अधिकारीहरुले जनाएका छन्।

जसको अघिल्लो दिन सवारी आयात गर्ने व्यवसायीले चर्को आयातकरको सामना गर्नु पर्ने छ। पूर्जामा भने मे अथवा त्यसपछि मात्रै शुरु हुने बताइएको छ। राष्ट्रपति ट्रम्पले यस उपायबाट कार उद्योगका लागि उल्लेख्य वृद्धि हुने जिकिर गरेका छन् । त्यतिमात्र नभई यसले अमेरिकामा रोजगारी सिर्जनामा योगदान दिने समेत ट्रम्पले बताएका छन् । यद्यपि, विश्लेषकहरुले यो कदमका कारण अमेरिकामा महत्वपूर्ण कार उत्पादन अस्थायी रुपले बन्द हुने र खरिददर महँगीने बताएका छन् । त्यस आपसी सम्बन्धहरुमा समेत दरारा आउने विश्लेषण भइरहेको छ। अमेरिकाले अघिल्लो वर्ष लगभग आठ मिलियन कार आयात गरेको थियो। जसको व्यापार लगभग २४० बिलियन डलर अर्थात् कुल व्यापारको लगभग आधा हिस्सा थियो । अमेरिकामा कारको शीर्ष विदेशी आपूर्तिकर्ता मेक्सिको हो। यसपछि दक्षिण कोरिया, जापान, क्यानाडा र जर्मनी छन्। ट्रम्पको नयाँ आयातकर कदमले विश्व कार व्यापार तथा आपूर्ति श्रृंखलालाई प्रभावित पार्ने खतरा बढेको बताइँदै छ।

'वसन्त' फिल्मबारे के भन्छन् प्रकाश र स्वस्तिमा ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ चैत्र

गायक, अभिनेता तथा निर्देशक प्रकाश सपुतले फिल्म 'वसन्त' नेपाली समाजकै कथा आफूले प्रस्तुत गरेको बताएका छन्। साथै फिल्ममा कहिल्यै पुरानो नहुने कथा राखिएको उनले दाबी गरे।

फिल्मले २०६० देखि २०६४ सम्मको एउटा समाजको कथा उठाएको उनको भनाइ थियो। 'नेपालमा राजनीतिक हिसाबले विभिन्न परिवर्तनका आवाजहरू उठिरहेको थियो। आन्दोलनहरूले ठुल्ठुलो स्वरूप लिइरहेको थियो। युद्धसमेत चलेको त्यो समयको कथा 'वसन्त'ले भन्छ', उनले भने, 'फिल्मले कथा एउटा उठाए पनि समाजका विभिन्न जातजाति, भाषा र जीवनशैलीलाई समेत देखाउनेछ।' बिहीबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा फिल्मले जातीयताको कथा मात्र नभनेको, बरु समाजको हरेक पात्रलाई जोड्ने काम गरेको सुनाए। 'फिल्मले समाजको सबै रंगलाई जोडेकोले यो सामाजिक फिल्म हो,' सपुतले भने, 'यसले हरेक नेपालीलाई कनेक्ट गर्छ।'

उनले फिल्म ८० प्रतिशत रियालटी बेसमा भएको पनि जानकारी दिए। 'कथाको त्यो पात्र म पनि हुन सक्छु र अन्य कोही। त्यो थाहा पाउन फिल्म हेर्नुपर्छ', उनले थपे। जसरी 'मुनामदन' जुन समयमा पनि नयाँ र लोकप्रिय नै लाग्छ, आजको समाजलाई पनि 'वसन्त'को कथाले त्यस्तै फिल दिने उनको दाबी छ।

हामीले कस्तो समाज देख्दै आयौँ, कस्तो शिक्षा लिँदै आयौँ, कस्तो विभेद भोगेर हुर्कियौँ, हाम्रा आमाहरूले कस्तो खालको लैंगिक विभेद भोग्दै आउनुभयो र त्यो समयमा चलेको क्रान्ति अथवा युद्ध तथा आन्दोलनले हाम्रो जनजीवनमा कस्तो प्रभाव पाऱ्यो, त्यो सबै फिल्मले बुझाउने सपुतले बताए।

यस्तो छ आजका लागि विदेशी मुद्राको विनिमयदर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ चैत्र

नेपाल राष्ट्र बैङ्कले बिहीबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। आज अमेरिकी डलर केही घटेर एकको खरिददर १३६ रूपैयाँ ८४ पैसा र बिक्रीदर १३७ रूपैयाँ ४४ पैसा कायम भएको छ।

बुधबार अमेरिकी डलर एकको खरिददर १३६ रूपैयाँ ९२ पैसा र बिक्रीदर १३७ रूपैयाँ ५२ पैसा कायम भएको थियो। युरोपियन युरो एकको खरिददर १४७ रुपैयाँ ६८ पैसा र बिक्रीदर १४८ रुपैयाँ ३३ पैसा कायम भएको छ। युरो पनि हिजोको भन्दा घटेको हो। बुधबार युरो एकको खरिददर १४८ रुपैयाँ १६ पैसा र बिक्रीदर १४८ रुपैयाँ ८१ पैसा कायम भएको थियो। यस्तै, युके पाउन्ड स्टर्लिङ र स्विस फ्र्याङ्कको विनिमयदर पनि घटेको छ। आज पाउन्ड स्टर्लिङ एकको खरिददर १७६ रूपैयाँ ५९ पैसा र बिक्रीदर १७७ रूपैयाँ ३७ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५४ रूपैयाँ ९० पैसा र बिक्रीदर १५५ रूपैयाँ ५८ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ५६ पैसा र बिक्रीदर ८६ रूपैयाँ ९४ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ ०१ पैसा र बिक्रीदर ९६ रूपैयाँ ४३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रूपैयाँ ३१ पैसा र बिक्रीदर १०२ रूपैयाँ ७६ पैसा निर्धारण गरिएको छ। यस्तै, जापानी येन १० को खरिददर नौ रूपैयाँ ११ पैसा र बिक्रीदर नौ रूपैयाँ १५ पैसा तोकिएको छ। चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ८३ पैसा र बिक्रीदर १८ रूपैयाँ ९२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ४८ पैसा र बिक्रीदर ३६ रूपैयाँ ६४ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ५४ पैसा र बिक्रीदर ३७ रूपैयाँ ७० पैसा कायम भएको छ। केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ०३ पैसा र बिक्रीदर चार रूपैयाँ ०५ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ २६ पैसा र बिक्रीदर ३७ रूपैयाँ ४२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रूपैयाँ ८९ पैसा र बिक्रीदर ३१ रूपैयाँ ०३ पैसामा विनिमय हुनेछ।

डिककको अविजित ९७ रनमा कोलकाताको पहिलो जित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ चैत्र

क्रुविन्टन डिककले अविजित ९७ रन बनाएपछि कोलकाता नाइट राइडर्सले इन्डियन प्रिमियर लिग (आईपीएल) २०२५ मा पहिलो जित निकालेको छ । बुधबार भएको खेलमा कोलकाताले राजस्थान रोयल्सलाई ८ विकेटले हराएको हो ।

राजस्थानले दिएको १५२ रनको लक्ष्य कोलकाताले १७.३ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो। ओपनर क्रुविन्टन डिककले अविजित रहँदै ९७ रन बनाए । उनले ६१ बलमा ८ चौका र ६ छक्का प्रहार गरे । अङ्क्रिश रघुवंशी २२ रनमा अविजित रहँदा कप्तान अजिन्क्या रहानेले १८ रन बनाए। राजस्थानका लागि वानिन्दु हसरंगाले १ विकेट लिए। त्यसअघि गुवाहाटीमा टस हारेर ब्याटिङको निम्तो पाएको राजस्थानले २० ओभरमा ९ विकेट गुमाएर १५१ रन बनाएको थियो। ध्रुव जुरेलले सर्वाधिक ३३ रन बनाए। यशश्वी जैसवालले २९ तथा कप्तान रियान परागले २५ रन बनाए । कोलकाताका लागि हर्शित राना, मोइन अली, वैभव अरोरा र वरुण चक्रवर्तीले २-२ तथा स्पेन्सर जोनसनले १ विकेट हात पारे । योसँगै २ खेलमा २ अंक जोडेको कोलकाता अंकतालिकामा छैटौं स्थानमा रहेको छ। राजस्थानको भने यो लगातार दोस्रो हार हो।

बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

एकडारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

प्रदेशको 'वित्तीय स्वास्थ्य' को चिरफार

-राष्ट्रिय सभाका पूर्वसांसद समेत रहेका खिमलाल देवकोटा संघीयता र योजनाविज्ञ हुन् । उनी संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक समेत थिए । वित्त आयोगको प्रभावकारितासहित नेपालको समग्र अनुदान प्रणाली (वितरणसहित) को गम्भीर रूपमा समीक्षा जरुरी छ । संविधानत प्रदेशको सीमित राजस्व अधिकार छ । राजस्व अधिकारमा घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड र जरिवाना हुन् । घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन, मनोरञ्जन र विज्ञापन कर स्थानीय तहको पनि कर राजस्व अधिकारमा छ ।

प्रदेश र स्थानीय तह दुवैको एकल-एकल अधिकारको प्रयोगमा हुने सम्भावित समस्या समाधानका लागि सुरुदेखि नै एकल कर प्रशासन अवलम्बन गरिएको छ । यसमा एक तहको सरकारले कर राजस्व संकलन गर्ने र अर्को तहको सरकारसँग बाँडफाँट गरिन्छ । जस्तो, सवारीसाधन करको निर्धारण र संकलन प्रदेशले गर्छ । ६० प्रतिशत राजस्व आफूले राखी बाँकी ४० प्रतिशत पालिकाहरूलाई हस्तान्तरण गर्छ । यसैगरी, विज्ञापन करको निर्धारण र संकलन पालिकाहरूले गर्छन् । मनोरञ्जन करको निर्धारण प्रदेशले र संकलन पालिकाहरूले गर्छन् । विज्ञापन कर र मनोरञ्जन करबाट संकलित रकमको पालिकाहरूले ६० प्रतिशत राखी बाँकी ४० प्रतिशत प्रदेशलाई हस्तान्तरण गर्छन् । आलेख, प्रदेशको आन्तरिक कर राजस्वलगायत समग्र वित्तीय स्थितिका बारेमा केन्द्रित छ । आन्तरिक आयलगायतका हिसावले प्रदेशहरू आत्मनिर्भर उन्मूख भए/नभएको सन्देश दिन्छ । आलेखमा प्रयोग गरिएका तथ्यंककीय विवरण महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त आव ०८०/०८१ को हो । प्रदेशको कर राजस्वको विश्लेषण गर्दा, कृषि आयमा कर शीर्षकबाट ७ वटा प्रदेशको कुल आय जम्मा २ लाख १६ हजार मात्र छ । मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशको यस शीर्षकमा एक रुपैयाँ पनि छैन । तर, कृषि उत्पादनको बिक्रीबाट भने प्रदेशले ७ करोड ९८ लाख रुपैयाँ आय हासिल गरेको देखिन्छ । महालेखाकै कर वर्गीकरणका आधारमा यो आय भनेको प्रदेशले आफैं उत्पादनको गरेको माछा बिक्री वा लिलामबाट, खोला वा पोखरीमा माछा मार्ने दस्तुर वा ठेक्काबाट, आफैंले उत्पादन गरेको कृषि उपज वा पशु बिक्रीबाट हासिल गरेको आयलाई जनाउँछ । यस शीर्षकमा सबभन्दा बढी बागमती प्रदेशले ३ करोड ८८ लाख रुपैयाँ हासिल गरेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशले १५ लाख रुपैयाँ मात्र हासिल गरेको छ । एकात्मक व्यवस्थामा यो कर शीर्षकबाट नेपाल सरकारले कर संकलन गर्न सकिरहेको थिएन । अप्ठ्यारो कर शीर्षक र राजस्वको दायरा पनि नभएका कारण प्रदेशलाई यो कर अधिकार हस्तान्तरण गरिएको जानकारहरू बताउँछन् ।

राम्रो कर राजस्व संकलन भएको भए सायद यो अधिकार प्रदेशले पाउने थिएनन् । स्थानीय तहसँग जोडिएको मनोरञ्जन कर र विज्ञापन करबाट प्रदेशहरूले जम्मा ५ करोड ६ लाख रुपैयाँ मात्र आय हासिल गरेका छन् । यस शीर्षकमा मनोरञ्जन करका रूपमा कर्णाली प्रदेशले जम्मा १४ हजार मात्र आय गरेको छ । यसले के संकेत गर्छ भने सिंगो कर्णाली प्रदेशका पालिकाहरूले विज्ञापन कर लगाएका छैनन् वा लगाए पनि प्रदेशलाई संकलित राजस्व बाँडफाँट गरेका छैनन् । राजधानी प्रदेश र ठूला-ठूला सहर भएको बागमती प्रदेशले समेत मनोरञ्जन करमा जम्मा ७० लाख रुपैयाँ र विज्ञापन करमा १ करोड ७८ लाख गरी जम्मा २ करोड ४८ लाख मात्र आय हासिल गरेको छ । यसले बागमती प्रदेशका पालिकाहरूले यी शीर्षकको आय संकलनमा खासै प्रयास नै गरेका छैनन् कि भन्ने संकेत पनि गर्छ । अथवा, संकलित राजस्वको उचित बाँडफाँट भएन कि भन्ने प्रश्न पनि छ । तर, बागमती प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले दिएको जानकारीअनुसार यी शीर्षकको राजस्व संकलनमा पालिकाहरू गम्भीर नभएको र कतिपय अवस्थामा राजस्वमा चुहावटसमेत रहेको केही साताअगाडि 'फेडरालिज्म एन्ड लोकालाइजेसन सेन्टर' ले राजधानीमा गरेको कार्यक्रममा जनाएका थिए ।

मधेश प्रदेशले मनोरञ्जन करमा एक रुपैयाँ पनि राजस्व आर्जन गरेको देखिँदैन । विज्ञापन करमा जम्मा १ लाख ६५ हजार रुपैयाँ मात्र गरेको देखिन्छ । स्थानीय तहसँग जोडिएको कर राजस्व अधिकारका क्षेत्रबाहेकका कर राजस्वका क्षेत्रबाट प्रदेशले ६ अर्ब १३ करोड राजस्व संकलन गरेका छन् । यो राजस्व प्रदेशको अनुदानसहितको कुल आय १ खर्व ७३ अर्ब ३० करोडको ३.५३ प्रतिशत हो । स्थानीय तहसँग नजोडिएको प्रदेशको मात्रै आफ्नो आयको विश्लेषण गर्दा सबैभन्दा धेरै बागमती प्रदेशको २ अर्ब २७ करोड छ रुपैयाँ छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको २४ करोड रुपैयाँ मात्र छ । प्रदेशको आफ्नै हटाएर स्थानीय तहसँग जोडिएका कर राजस्वको चर्चा गर्दा २९ अर्ब ७७ करोड रुपैयाँ राजस्व प्रदेशले हासिल गरेका छन् । जुन प्रदेशको कुल आयको १७.१८ प्रतिशत हो । स्थानीय तहसँग जोडिएको र नजोडिएको दुवै एकीकृत गरेर विश्लेषण गर्दा प्रदेशको स्थानीय आय ३५ अर्ब ८९ करोड रुपैयाँ हुन्छ । यो आय प्रदेशको कुल आयको २०.७१ प्रतिशत हो । प्रदेशको आफ्नै ताकतको कमाइ भनेको यही ३५ अर्ब ८९ करोड हो । यसमा सबैभन्दा धेरै बागमती प्रदेशको १६ अर्ब ६८ करोड छ भने सबैभन्दा कम कर्णाली प्रदेशको ७३ करोड छ । आफ्नै कमाइबाट प्रदेशले प्रशासनिक खर्च धान्न सक्छ कि सक्दैन भनेर मापन गर्नका लागि यस आयलाई आधार मान्न सकिन्छ । तर, आन्तरिक आयको परिभाषामा राजस्व बाँडफाँट र रोयाल्टीलाई समेत समावेश गरिएको हुँदा यो विश्लेषण अधुरो हुन्छ ।

सांभार : कान्तिपुर ।

धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल

पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।

सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday